# रत्ननगर नगरपालिका कार्यालय

रत्ननगर, चितवन
नेपाल

फोन : ०५६-५६०५२९, ०५६-५६०५०६
फ्याक्स: ०५६-५६२४८७

प.सं. : ०७३/०७४,सूचना केन्द्र
च.नं. :३७८

मिति : २०७३।४।१८

विषय :रत्ननगर नगरपालिका कार्यालयको आ.व.२०७२।०७३ को आंय व्यय विवरण सार्वजनिक गरिएको सूचना ।

सूचना प्रकाशन मिति २०७३।४।१९

रत्ननगर नगरपालिकाले आ.व. २०७२।०७३ को यथार्थ आय व्यय विवरण सार्वजनिक गरेको छ । आ.व. २०७२।०७३ को लागि आय तर्फ आन्तरीक श्रोत तर्फ रु. ३ करोड ११ लाख ३२ हजार र बाश्य श्रोत तर्फ रु.१३ करोड ९ लाख ५३ हजार गरी कुल आम्दानी रु. १६ करोड २० लाख ८५ हजार अनुमाति गरेकोमा गत आ.व. २०७२।०७३ मा आन्तरिक श्रोत तर्फ रु. ३ करोड १८ लाख ४४ हजार २ सय ५२ पैसा ५५ र बाह्य श्रोत तर्फ रु.१६ करोड ६२ लाख ४२ हजार १ सय ५७ पैसा ७७ गरी कुल आम्दानी रु. १९ करोड ८० लाख ८६ हजार ४ सय १० पैसा ३२ यथार्थ आम्दानी भएको छ ।

यसै गरी व्यव तर्फ चालु खर्च रु. २ करोड ४२ लाख ८० हजार , सामाजिक सुरक्षा तर्फ रु.२ करोड ५० लाख र पूजिगत तर्फ रु.११ करोड २८ लाख ०५ हजार गरी कुल खर्च १६ करोड २० लाख ८५ हजार अनुमानित गरिएकोमा चालु खर्च रु. २ करोड ७३ लाख ६४ हजार ६ सय ७३ पैसा ५०, सामाजिक सुरक्षा तर्फ भुकम्प राहत वितरण (यूनिसेफबाट प्राप्त राहत) रकम समेत रु. ५ करोड ७१ लाख ०४ हजार ४ सय १० मात्र, भुकम्प पिडित राहत वितरण रु.४३ लाख १० हजार मात्र र पूँजिगत तर्फ रु. १० करोड ८४ लाख ४५ हजार ८ सय ०५ पैसा १५ गरी कुल खर्च रु. १९ करोड ८१ लाख ३४ हजार ८ सय ५७ पैसा ५८ मात्र यथार्थ खर्च भएको र मौज्दात रु. ५ लाख ५१ हजार ६ सय ८८ पैसा ५८ छ भने रु. ३ लाख ५८ हजार २ सय ८० फ्रिज भएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरिएको छ । साथै आय व्ययको विवरण रत्ननगर नगरपालिकाको Website: www.ratnanagarmun.gov.np र नगरपालिकाको सूचना पाटीमा समेत राखिएको व्यहोरा अनुरोध गरिन्छ ।

काशीराम गैरे
प्रमुख एवम् कार्यकारी अधिकृत
रत्ननगर नगरपालिकाको कार्यालय